# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– १७, चैत २०६१, (April, 2005) काठमाडौं


# सिङ्गो देश सबैका लागि शिक्षा अभियानमा

शिक्षाको लागि विश्वव्यापी अभियानले सबैको लागि शिक्षा भन्ने नारालाई सार्थक बनाउन सरकारसँग मिलेर काम आरम्भ गरेको छ । शिक्षाको लागि विश्वव्यापी सप्ताह विगतका वर्षहरूमा अभियानमा संलग्न संस्थाहरूले मात्र मनाउने गरेकोमा यसवर्ष सरकार पनि सामेल भएपछि यो अभियान साझा बनेको छ । शिक्षाका लागि विश्वव्यापी अभियानमा विश्वका १ सय भन्दा बढी राष्ट्रहरूमा सक्रिय विकास, शिक्षा एवं अनुसन्धानमुखी संगठनहरू क्रियाशील रहने गरेका छन् ।

सन् १९९९ मा सुरू भएको यो अभियानले केवल सेवामूलक कार्यक्रमहरू मात्र नगरेर, नागरिक समाजका संस्थाहरूलाई स्वयम् वकालत गर्न अग्रसर गराउने, उनीहरूलाई सक्रिय बनाउने तथा पर्यवेक्षण गर्न सक्षम बनाउने कार्यक्रम गर्दै आइरहेको छ । अभियानको प्रमुख उद्देश्य विश्वका हरेक बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच हुने अवसरको सिर्जना गर्नु हो । शिक्षक सङ्गठनहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानीय गैरसरकारी संस्थाहरू तथा बालअधिकार सञ्जालहरूको एक सङ्गठन भएको नाताले यसले सरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई जिम्मेवारपूर्ण ढङ्गले ‘सबैका लागि शिक्षा’ का उद्देश्यहरूलाई पूर्ति गर्न अग्रसर गराउँदै आएको छ । सबैका लागि शिक्षा कार्यक्रमलाई विश्वव्यापी रुपमा साझा कार्यक्रमको रूपमा विकसित गर्न सन् १९९० मा जोमटेनमा प्रक्रिया सुरु गरी सन् २००० मा डकारमा सहमति जनाइएको थियो ।

अभियानले बालबालिका, महिला र समाजका सबै विपन्न वर्गलाई विशेष जोड दिंदै, शिक्षालाई एक आधारभूत मानवीय अधिकारको रूपमा प्रवर्द्धन गर्ने गर्दछ । यसको साथै सरकारहरू एवम् अन्तर्राष्ट्रिय समुदायलाई सबैका लागि निःशुल्क तथा अनिवार्य शिक्षाका लागि उनीहरूले गरेका वाचाहरू परिपूर्ति गर्न दबाब सिर्जना गर्दछ । यस सन्दर्भमा नेपालमा सन् २००३ अप्रिलदेखि विभिन्न साझेदारी संस्थाको सञ्जालको रूपमा जीसीई-नेपालको स्थापना गरी कार्यक्रम सञ्चालन हुँदै आइरहेको थियो ।

**विश्वव्यापी कार्यसप्ताह २००५**

गत वर्षहरू झैं यस वर्ष पनि जीसीई-नेपाल र श्री ५ को सरकारको संयुक्त आयोजनामा कार्य सप्ताह २००५ सम्पन्न गर्ने तयारी सुरु भइसकेको छ । यसपटकको कार्यसप्ताहमा विगतमा भन्दा बढी संस्थाहरूले ऐक्यबद्धता जनाएका छन् । श्री ५ को सरकार शिक्षा विभागबाट पनि गत वर्षको सफलतालाई ध्यानमा राखी यस अभियानमा विशेष ध्यान पुऱ्याइएको छ । तसर्थ यसपटकको कार्यसप्ताह २ देखि १० वैशाख, २०६२ को मुख्य उद्देश्य भनेकै विद्यालय भर्ना अभियानलाई सजगताका साथ सम्पन्न गर्नु रहेको छ । त्यसबाहेक सप्ताहमा छुटेका बालबालिकाहरूको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिने भएको छ ।

भर्ना अभियानलाई विद्यालयमा स्वागत कार्यक्रमको रूपमा व्याख्या गरिएको छ । यसको तयारीका निम्ति अभियानसँग सम्बद्ध संस्थाहरूले सबै जिल्लामा शिक्षा निकायसँग समन्वय गरी सञ्जाल तयार गरिसकेका छन् । सरकारले जिल्ला शिक्षा कार्यालयमार्फत् निर्देशिका पठाइसकेको छ । स्वागत अभियानका लागि पोष्टर, स्टीकर, निर्देशिका, परिचयपत्र, बालबालिकालाई निमन्त्रणा-पत्र, जिल्ला जिल्लामा पठाइएको छ । शिक्षासँग सम्बन्धित संघसंस्थाहरूले जनचेतना र अभियानको सफलताको लागि केन्द्र र जिल्लाबाट विशेष पहल आरम्भ गरेका छन् । कार्यक्रम सम्पन्न भएपछि बालबालिकाको सरकारी तथा गैरसरकारी सरोकारवाला संस्थाहरूको पहलमा राष्ट्रिय घोषणापत्र जारी गर्ने कार्यक्रम पनि तय गरिएको छ । ■

# बाल हकरहरू सङ्गठित भएर बढ्दैछन्

‘ल है आजको ताजा खबर’ दिनहुँजसो सुन्न पाइन्छ यस्तो आवाज । ठम्याउन मुश्किल पर्दैन यो कलिलो आवाज बालबालिकाको नै हो भनेर । यो आवाजले सबैको ध्यान अखबारको समाचारमा तानिन्छ । तर, सानै उमेरका सडकसडकमा दौडिरहने उनीहरूको भने कसैले चासो राख्दैन ।



पढ्ने, लेख्ने र साथीभाइसँग रमाउने उमेर हो उनीहरूको । तर, परिवारको गरिबीले सबैलाई यस्तो मौका कहाँ मिल्छ र ! पेट पाल्नकै लागि पत्रिका बेच्नेको सङ्ख्या राजधानीमा २ सयभन्दा बढी छ । कतिले त पत्रिका बेचेरै आफ्नो मात्र नभएर सिंगो परिवारकै खर्च पनि टार्नुपर्छ । यस्ता बालबालिकाको बारेमा न सरकारले चासो देखाएको छ, न कुनै संघसंस्था वा व्यक्तिले ।

अहिले त उनीहरूले पीडा खेप्नुपरेको छ नै, भोलिका दिनमा थप दुःख नदोहोरियोस् भनेर आफ्ना लागि आफै संगठित बनेका छन् उनीहरू । तीन वर्ष पहिलेबाट ‘हकर बालक्लब’ मा १ सय ५० भन्दा बढी बालहकरहरू आबद्ध भइसकेका छन् । उनीहरूको ठम्याइमा क्लबमा लागेपछिका आशालाग्दा दिन सुरु भएका छन् । ‘बाँच्नका लागि काम त गर्नुपर्छ नै, समय निकालेर पढ्नु पनि पर्छ’ भन्नेकुरामा सबै एक मत भएका छन् । पहिले धेरैजना स्कुल जाँदैनथे । अहिले सबैजसो विद्यालय पनि जाने, पत्रिका पनि बेच्ने गर्छन्- उनीहरू आफैं भन्छन् । उनीहरूले संगठित रूपमा केही गर्न ‘हकर सन्देश’ नामको बालभित्ते पत्रिका पनि प्रकाशन गर्दै आएका छन् । हकर मात्र हैन, दुःखमा परेका अरु बालबालिकालाई सहयोग गर्न र चेतना जगाउन पनि उनीहरूले थुप्रै काम गरेका छन् ।


बेलाबेलामा भेला भएर उनीहरू एकअर्काका समस्या क्लबमा सुनाउँछन् र छलफलबाट समाधान पनि निकाल्छन् । उनीहरू दुःखका कुरा मात्र कति गर्नु, मनोरञ्जनमूलक र प्रतियोगितात्मक कार्यक्रम पनि आयोजना गर्छन् । उनीहरूलाई साथ दिएको छ नेपाल बाल सङ्गठनले । हालै उनीहरूले क्लबको तेस्रो वार्षिकोत्सव सम्पन्न गरे । वार्षिकोत्सवमा उनीहरू आफू मात्र रमाएनन्, नाचगान र प्रतियोगितात्मक कार्यक्रमबाट अरुलाई समेत दङ्ग पारे ।

बाबाबाटिका स्कुल, तिलगंगाको कक्षा ८ मा पढ्दै छन् श्यामकुमार खत्री । सात वर्ष पहिलेदेखि नै बिहान स्कुल जानु र दिउँसो पत्रिका बेच्नु उनको दिनचर्या बनेको छ । पत्रिका बिक्रीबाट दिनमा ८०-९० रुपैयाँ कमाइ हुन्छ । आफ्नै परिश्रममा बाँच्न पाउँदा भने अलि बेग्लै आनन्द हुन्छ रे ! तैपनि सरकार वा संघसंस्थाले अवसर जुटाइदिए सबै समय पढाइमा खर्चिने उनको चाहना छ । उनी हकर बालक्लबका सचिव हुन् । क्लबमा आबद्ध भएपछि रचनात्मक क्षमता बढेको अनुभव सुनाउँछन् उनी ।

नेपाल युवक मावि पकनाजोल, कक्षा ७ की छात्रा हुन् हसिना बानू । बिहान पत्रिका बेचेर दिउँसो स्कुल जाने हसिनाले नै हकर बालक्लबको नेतृत्व गरेकी छन् । भित्ते पत्रिकाको सम्पादक पनि उनै हुन् । काम गर्दै पनि भविष्य बनाउन सकिन्छ भन्ने आँट बोकेकी हसिना क्लबको उद्देश्य बालहकरलाई पनि अरु बालबालिका जस्तै सक्षम बनाउने हो भन्छिन् ।

जोशिला यी बालबालिकाको लागि बाल सङ्गठनको सीमित सहयोग मात्र पर्याप्त छैन भन्छन् बाल क्लबका संस्थापक संयोजक कार्तिकेय घिमिरे ।

● प्रवेश सुवेदी




# भर्ना अभियानमा सरकार के गर्दैछ ?

विगतका वर्षहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको मात्र कार्यक्रमको रूपमा रहेको शिक्षाका लागि विश्वव्यापी सप्ताहलाई सरकारले आफ्नो कार्यक्रममा सामेल गरेको छ । श्री ५ को सरकार शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभागले सन् २०१५ सम्म मुलुकका सबै बालबालिकालाई प्राथमिकस्तरसम्मको शिक्षा गुणस्तरीय, निःशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउन नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जाहेर गरेको सन्दर्भलाई जोडेर अभियानमा सामेल भएको जनाएको छ ।

विगतमा राष्ट्रिय स्तरमा विभिन्न प्रयास हुँदाहुँदै पनि प्राथमिक विद्यालयमा पढ्ने उमेरका करिब १६ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् । यिनमा पनि अपांग, दलित, अति पिछडिएका जनजाति, गरिबी एवं द्वन्द्वको मारमा परेका र कठिन परिवेशमा रहेका तथा सडक बालबालिकाहरूको सङ्ख्या बढी छ ।

यस वर्षको कार्यक्रमलाई शिक्षा तथा खेलकूद मन्त्रालयले आफ्नो र शिक्षा विभागको मात्र नभई समग्र नेपालीको कार्यक्रम बन्नसक्ने गरी अधिराज्यभरी नै ‘विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम, २०६१’ को रुपमा अघि बढाउन खोजेको जानकारी शिक्षा विभागका निमित्त महानिर्देशक जनार्दन नेपाल दिनुहुन्छ । उहाँका अनुसार विभागले जिल्ला शिक्षा कार्यालय र अन्य सरकारी कार्यालय, संयुक्त राष्ट्र संघसम्बद्ध निकाय, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी र सामुदायिक संघसंस्था, स्थानीय निकाय र विद्यालयहरूसमेतले आ-आफ्नो क्षेत्रबाट ऐक्यबद्धता जनाउँदै सहयोग पुऱ्याउने भएका छन् । विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन यस कार्यक्रमलाई सफल बनाउन पूर्ण सहयोग गर्नुहुने विश्वास राखिएको उहाँले बताउनुभएको छ ।

विभागले अभियानलाई केन्द्रित गरेर सहयोगी पुस्तिका निर्माण गरी जिल्ला शिक्षा कार्यालय र तल्ला निकायहरूमा पठाएको छ । विभागका अधिकारीहरू यस पुस्तिकाले विद्यार्थी भर्ना अभियान कार्यक्रम सम्बन्धमा गरिने विभिन्न क्रियाकलापहरूलाई सहयोग पुऱ्याउने विश्वास गर्छन् । पुस्तिकाका कार्यविधिहरू कार्यक्रमलाई व्यवस्थित रूपमा अघि बढाउने उद्देश्यले तयार गरिएका सामान्य मार्गदर्शन भएको बताइएको छ ।

सरकारले जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय र शिक्षाका सम्पूर्ण निकायहरूमा भर्ना अभियानलाई सफल बनाउन निर्देशन र आह्वान जारी गरिसकेको छ । त्यसबाहेक शिक्षकहरूका संगठन अभियानमा सामेल भएको कारण यसपटक सरकारी योजना व्यवस्थित भएको देखिन्छ । ■

# छोरीहरुलाई बल्ल पढाउन थालियो कागती गाउँमा

कागती गाउँ (नुवाकोट) । बालविवाहले नराम्रो ख्याती कमाएको कागती गाउँमा विद्यालय जाने उमेरका बालबालिकाहरूको पहुँच केही वर्षयता बढ्दै गएको छ ।

स्थानीय सामाजिक कार्यकर्ताहरूले घरघरमा गएर विद्यालय जाने उमेर भएर पनि नगएकाहरूको पहिचान गरी विभिन्न शैक्षिक संस्थासम्म ल्याउन थालेपछि यस्तो अवस्था आएको हो ।

“पढेका बालबालिकाहरूले मात्र आफ्ना अभिभावकहरूलाई सानैमा विवाह नगराउने आग्रह गर्न सकेका छन्,” गाउँमा सामाजिक चेतना फैलाउन सफल श्री महालक्ष्मी युवा परिवारका अध्यक्ष चक्रमान श्रेष्ठले भने, “त्यसैले शिक्षाको विस्तारमा जोड दिइएको हो ।” बालविवाह रोकथामको लागि अन्य दवावमूलक कार्यक्रमभन्दा शिक्षाको विस्तार नै बढी प्रभावकारी हुने उनको धारणा छ ।

सो परिवारले सञ्चालन गरेको अनौपचारिक बाल कक्षामा ७५ जना बालबालिकाहरू अध्ययनरत छन् । सामान्यतयाः ८ देखि १४ वर्ष उमेरसम्मका बालबालिकाले अध्ययन गर्ने सो कक्षामा १७-१८ वर्षका बालबालिकालाई पनि पढाउने गरिएको अध्यक्ष श्रेष्ठ बताउँछन् । कमसेकम युवा पुस्तालाई मात्र पनि निरक्षर हुनबाट मुक्ति दिलाउन सके समाज धेरै अगाडि बढ्ने विश्वासले १४ वर्षभन्दा माथिकालाई पनि बालकक्षामा भर्ना लिइएको उनको कथन छ । नौ महिनासम्म सञ्चालन हुने सो कक्षा उत्तीर्ण हुनेहरू क्षमताअनुसार औपचारिक विद्यालयमा कक्षा तीनसम्म भर्ना हुनसक्ने प्रावधान छ ।

काठमाडौंसँग जोडिएको कारणले पनि विगतमा सञ्चारमाध्यमको विशेष आकर्षण बनेको कागती गाउँमा अन्य समूहहरू पनि सक्रिय छन् । ‘लालीमा समूहले’ले सञ्चालन गरेको किशोरीलाई दिने शिक्षा कार्यक्रमअन्तर्गत २५ जना बालिकाहरू अध्ययन गरिरहेका छन् । त्यस्तै शिशु स्याहार केन्द्रमा ३२ जना शिशुहरू अध्ययन गरिरहेका छन् ।

करिब पाँच हजार बलामी जातीको बसोबास रहेको यस गाउँमा एउटा मात्र प्रस्तावित निम्न माध्यमिक विद्यालय छ । कक्षा सातसम्म सञ्चालित उक्त भवानी प्रस्तावित निमाविमा २ सय ६२ जना विद्यार्थीहरू अध्ययन गर्दछन् । त्यसो त करिब डेढ सय विद्यालय जाने उमेरका बालबालिकाहरू अझै पनि शिक्षाको पहुँचभन्दा बाहिर नै रहेको परिवारका सचिव तथा सामाजिक कार्यकर्ता मोहनकृष्ण श्रेष्ठ बताउँछन् । उनी भन्छन्, “आगामी वर्षहरूमा यो संख्या पनि घटाउने प्रयास गरिनेछ ।”

ओखरपौवा गाविस अन्तर्गत पर्ने यो गाउँ काठमाडौंबाट १४ किलोमिटर मात्र टाढा छ । गाविसका निवर्तमान अध्यक्ष जीतबहादुर बलामी गाउँको गाउँको शिक्षाको विस्तारमा सरकार भने उदासीन रहेको गुनासो गर्छन् । उनले सञ्चार र खुला वातावरणकै कारण स्वस्फूर्त रूपमा शिक्षाको विकास भएको बताए ।

“युवाहरूको विशेष सक्रियताले गाउँमा शिक्षाको विस्तार हुनुको साथै बालविवाह घट्दै गएको छ,” उनी भन्छन्, “तर सरकारले भने कुनै पनि कार्यक्रम ल्याएको छैन ।” सात कक्षासम्म पढाइ हुने विद्यालयमा जम्मा तीन शिक्षकको मात्र दरबन्दी हुँदा पनि जिल्ला शिक्षा कार्यालय शिक्षक थप्न तयार नभएको उनी बताउँछन् ।

● पुरुषोत्तम सुवेदी

यूनिसेफ र एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोन: ४२५७६५५, फ्याक्स: ४२१८६८६ इमेल: junkiri@ejg.org.np, वेबसाइट: www.ejg.org.np, पो.ब.नं. २१८४३, मुद्रण: युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, सम्पादन: पदम गौतम